# सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## बुङचुङ, धादिङ

## वागमती प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आह्वानको सुचना

*प्रथम पटक प्रकाशित मिति :२०७७/०७/२३ गते*

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिका पशु सेवा शाखाको चालु आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक कार्याक्रम वमोजिम पशु सेवा सम्वन्धी औषधी खरिद गर्न पर्ने भएकाले इच्छुक फर्म र कम्पनी र सप्लायर्सहरुबाट फर्म नविकरण दर्ता प्रमाण(प्रत्र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण-पत्र औषधी व्यवस्था विभागको प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी नियम पुर्वक शिलवन्दी दरभाउ पेश गर्न हुन यो पन्ध्र (१५) दिने सूचना प्रकाशन गरिएको छ ।

| क.स. | दरभाउपत्र नं. | कार्य विवरण | लागत अनुमान रु. | धरौटी रकम रु. | दरभाउ पत्रको दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | १०/०७७/०७८ | पशु सेवाको लागि अवश्यक औषधी खरिद | ९९९,९९१- | २५,०००। | १,०००। |

**शर्तहरु :**

१. कामको विवरण : पशु सेवा सम्वन्धी औषधी खरिद कार्य ।

२. दरभाउपत्र खरिद दस्तुर : १,०००। (कार्यालयमा नगद जम्मा गरी वा कुमारी बैंक बुङचुङ शाखाको आन्तरिक राजश्व खाता नं. 0810035123100005 मा जम्मा गरी सक्कल भौचर पेश गर्ने ।

३. दरभाउपत्र साथ जम्मा गर्नुपर्ने धरौटी रकम : तपशिल बमोजिमको रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक बुङचुङ शाखाको धरैटी खाता नं. 0810035124600001 मा जम्मा गरी सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी भएको ७५ दिन म्याद भएको वैंक जमानत पत्र पेश गर्नु पर्नेछ ।

४. शिलवन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति : २०७७।०८।०७ गते ।

५. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति :२०७७।०८।०८ गते ।

६. शिलवन्दी दरभाउपत्र खोल्ने मिति २०७७।०८।०८ गते १:०० बजे ।

७. शिलवन्दी दरभाउपत्र दर्ता गर्ने स्थान : सिद्धलेक गाउँपालिका, बुङचुङ धादिङ ।

८. शिलवन्दी दरभाउपत्र पेश गर्दा कार्यालयबाट प्रमाणित गरिएको फारममा आवश्यक विवरण भरी शिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

९. शिलवन्दी दरभाउ, दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१०. शिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिन १२:०० बजे सम्ममा पेश गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन पेश गर्नु पर्नेछ।

११. शिलबन्दी दरभाउपत्रदाताले कबोल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता आएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिईनेछ।

१२. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकिएको समय अवधि भित्र एकमुष्ट रुपमा औषधीहरु उपलब्ध गराउन पर्नेछ।

१३. सप्लाई हुने औषधी नेपाल सरकारबाट मान्यता प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने र प्रत्येक प्याकेटको वाहिर उत्पादन मिति, म्याद समाप्त मिति एवं व्याच नम्बर हुनु पर्नेछ। साथै सप्लाई गरिने औषधीको म्यादको सम्वन्धमा उक्त औषधी Manufacturing बाट Expiry date कम्तिमा १८ महिना वाकीं हुँदा स्टोर दाखिला हुनु पर्नेछ। सो भन्दा कम घटी म्याद भएका औषधीहरु पेश गर्न पाउने छैन । तर कुनै औषधीको जम्मा Expiry date १८ महिना भन्दा कम हुने अवस्थामा Expiry date को ७५% वाकीं म्याद हुँदा दाखिला गर्न सकिनेछ।

१४. यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार हुने र उल्लेख नभएको कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ (पछिल्लो संशोधन) र सार्वजनिक खरिद नियमावली २०६४ (नवौं संशोधन २०७६) तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।

१५. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१६. दरभाउ सम्वन्धी अन्य केही कुरा बझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**